| | |
|---|---|
| # प्रवाह | मण्डलीमा आत्मिक वृद्धिको प्रारम्भ |
| रेभ. पावल बकनेल | |

# चेलापनको केन्द्र विन्दु

## यशैया ५०:५-९ (भाग २२)

यशैया ५०:४ को पूनरावलोकन (४ वुंदाहरु)

- जव हामी येशू जस्तै गरी जिउछौं,उहाँले गरे जस्तै सेवाकाई गर्नसक्ने हुनेछौं । हामीले उहाँको देखासिकी गर्नुपर्ने हो तर उहाँले कसरी गर्नुहुन्छ भन्ने कुरालाई हामी विरलै ध्यान दिन्छौं ।

क. चेलाको तालिम (यशैया ५०:४ ए)

चेला एक शिकारु हो ।

सवैभन्दा राम्रो शिक्षक सवैभन्दा राम्रो शिकारु हो ।

ख. चेलाको उद्धेश्य (यशैया ५०:४ बि)

चेलाले अरुको सेवा गर्छ ।

सिकाई तव मात्र मुल्यवान हुन्छ जब हामीसँग अरुलाई सेवा गर्ने हृदय हुन्छ ।

ग. चेलाको अनुशासन (यशैया ५०:४सि)

चेलाले हरेक दिन सबेरै परमेश्वरसंग संगति गर्छ ।

परमेश्वरले प्रत्येक दिन उहाँका मानिसहरुसंग भेटघाट हुने चाहना गर्नुहुन्छ ।

घ. चेलाले अपनाउनु पर्ने सतर्कता (यशैया ५०:४ डि)

एउटा चेलाले परमेश्वरको आवाजलाई ध्यान दिएर सुन्छ र उहाँको आज्ञा पालन गर्छ ।

हाम्रा नम्र र समर्पित मन तथा धारणाले हामिलाई परमेश्वरसंगबाट सुन्न सक्षम वनाउछन् ।

अब हामी यशैया ५० को ५ देखि ९ मा आधारीत चेलाको संकल्प भन्ने विषयमा निरन्तर अध्ययन गर्नेछौं ।

### ❖चेलाको संकल्प (यशैया ५० को ५ देखि ९)

एक चेला उसको गुरुलाई खुसी पार्नको लागि अप्ठेरा परिस्थीतिको पनि सामना गर्छ ।

"परमप्रभु परमेश्वरले मेरो कान खोल्नु भएको छ र म वागि भईन औ पछि पनि हटिन । मैले मेरो पिठ पिट्नेहरु लाई र दाह्री लुछ्नेहरुलाई मेरो गाला फर्काईदिएँ, अपमानित हुन र थुकि माग्नबाट मेरो मुख लुकाईन किनकि पर मप्रभु परमेश्वरले मलाई सहायता गर्नुहुनेछ । यसै कारण म सरममा पर्नेछैन तर मैले मेरो मोहडा पत्थर जस्तै स्थिर पारेको छु र मलाई थाहा छ कि म लाजमा पर्ने छैन । मलाई धर्मि ठहराउनुहुने मेरो परमेश्वर हुनुहुन्छ ।" ( यशैया ५०:५-९)

अप्ठेरा परिस्थीतिको सामना गर्न सिक्नु पर्छ ।

➢ हाम्रो हार्दिक समर्पणता (यशैया ५०:५)

"परमप्रभु परमेश्वरले मेरो कान खोल्नु भएको छ र म बागि भईन औ पछि पनि हटिन ।"

- हाम्रो हृदय परिबर्तन हुनु आबश्यक छ ।
- यहोवा परमेश्वरले बिरोधीहरुको ढोका फोर्नु हुन्छ ।
- दृढताको आवश्यकता

- हाम्रो सेवागर्ने निर्णय, यशैया ५०:६

  मैले मेरो पिठ पिट्नेहरुलाई फर्काइदिएं र दाह्री लुछ्नेहरुलाई मेरो गाला फर्काइदिएँ। अपमानित हुन र थुकि माग्नबाट मैले मेरो मुख लुकाईन।

  - "म" हाम्रो निर्णय, शत्रु होईन।
  - सबै चिज परमेश्वरको नियन्त्रणमा छन्।
  - परमेश्वरको अनुरोध, शर्ममा पर्ने होईन।

- परमेश्वर प्रतिको हाम्रो भरोसा ५०:७

(७) किनकि परमप्रभु परमेश्वरले मलाई सहायता गर्नुहुनेछ। यसकारण म शर्ममा पर्ने छैन  तर मैले मेरो मोहडा पत्थर जस्तै स्थिर पारेको छु र मलाई थाहा छ कि म लाजमा पर्ने छैन।

- दुखको अस्वीकार गरेको होईन।
- प्रभुले मलाई सहायता गर्नुहुन्छ-परमेश्वरको अनुग्रह प्रशस्त छ।
- हाम्रा कमजोरीहरु दुख कष्ट र अप्ठेरा परिस्थितिको स्वीकार गर्नु।

तर मलाई उहाँले भन्नु भयो मेरो अनुग्रह तेरो निम्ति प्रयाप्त छ किनभने मेरो शक्ति दुर्बलतामा नै शिद्ध हुन्छ। यसकारण ख्रीष्टको शक्ति म मा बास गरोस भनेर म बरु मेरो दुर्बलतामा बढी खुसी साथ गर्व गर्नेछु। २ कोरिन्थी १२:९

- ४. तितोपनामाथिको हाम्रो बिजय यशैया ५०:८-९

मलाई निर्दोष ठहराउनुहुने मेरो नजिकै हुनुहुन्छ। यसर्थ कसले मेरो बिरुद्धमा दोष लगाउँछ। हामी मुखामुख गरौं मेरो बिरोधि को छ ? त्यसले मेरो सामना गरोस्। परमप्रभु परमेश्वरले मलाई सहायता गर्नुहुन्छ। त्यो को हो जसले मलाई दोषी ठहराउंछ। तिनीहरु सबै लुगा झैं थोत्रो हुनेछन्। किराले तिनीहरुलाई खाईहाल्नेछन्। यशैया ५०:५-९

- दुष्ट दुष्ट नै हो र त्यसलाई न्याय गरिनु पर्छ भन्ने कुरा अस्वीकार नगर्नुहोस्।
- परमेश्वर बिश्वासयोग्य न्यायकर्ता हुनुहुन्छ। यसको बारेमा हामीले केहि वास्ता गर्न आबश्यक छैन।
- सतावट चाहीँ हामीलाई न्याय गरिएकै हो भन्ने अर्थ लाउन आवश्यक छैन।
- परमेश्वरको न्याय चाँडै आउनेछ। दुष्टहरु चाँडै नष्ट पारिने छन्।

## हाम्रो जीवनको समर्पण सधैँ परमेश्वरको इच्छा अनुसार गर्नु हो।

### यशैया ५०:४-९ सम्मको सारांश:

हामी ख्रीष्ट जस्तै हुनु भन्दा ठुलो उद्धेश्य हाम्रो जीवनमा अरु छैन। उहाँले पितासंग गरेको संगति, अरुलाई उहाँले वास्ता गर्नु भएको, उहाँले ज्ञान प्राप्त गर्नु भएको, दया देखाउनु भएका जस्तै कुराहरुको हामीहरुले अनुशरण गर्नु पर्दछ।